# इस्मा गाउँपालिकाको बजेट वक्तव्य
# आर्थिक वर्ष २०७७/०७८

आदरणीय सभाध्यक्ष ज्यू
गाउँसभाका सदस्यज्यूहरु,

नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी जनताद्वारा अनुमोदित प्रतिनिधिहरुले जनमैत्री शासन व्यवस्था सञ्चालन गर्ने गरी संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न विभिन्न चरणमा भएका सशस्त्र तथा शान्तीपूर्ण संघर्षको परिणाम स्वरुप आज हामी संघियता कार्यान्वयनको व्यवहारिक अभ्यास गरिरहेका छौं । संवैधानिक व्यवस्था अनुसार जनताबाट स्थानीय सरकार निर्वाचित भएपछि इस्मा गाउँपालिकामा हामीले कार्यभार सम्हालेको तेश्रो बर्ष पुराभई चौथो वर्ष चलिरहेको छ । कोरोना महामारीका कारण चालु आर्थिक वर्षका लागि तय गरिएका नीति, कार्यक्रम र बजेटको पूर्ण कार्यान्वयन हुन नसक्दा अपेक्षित परिणाम हासिल हुन नसकेको र सिङ्गो विश्व नै महामारीबाट आक्रान्त भैरहँदा हाम्रो गाउँपालिका पनि प्रभावित हुन पुगेको व्यहोरा हामी सबैलाइ अवगतै छ । कोभिड-१९ बाट प्रभावित भै भारत प्रवास, तेश्रो मुलुक र देशका विभिन्न स्थानहरुबाट यस गाउँपालिकामा आउनु हुने व्यक्तिहरुको क्वारेन्टाइनको बसाइ व्यवस्थापन, परीक्षण लगायतका कामलाई प्रभावकारी बनाउन हाम्रो श्रोत, साधन र जनशक्तिलाइ पूर्ण रुपमा परिचालन गरिएको छ । हाम्रा प्रयासहरुका कारण यस गाउँपालिकाभित्र आजसम्म कोरोना महामारीले समाजमा प्रवेश पाएको छैन । क्वारेन्टाइनमा रहनु हुने गाउँपालिकावासीहरुमा कोरोना परीक्षणको रिपोर्ट पोजेटिभ देखिएको भए पनि लक्षण नदेखिएकोले अवस्था सामान्य छ । यस क्रममा म संक्रमित सबै जनाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आर्थिक वर्ष २०७७०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

गाउँपालिकाको यस सम्मानित गाउँसभा समक्ष आर्थिक वर्ष २०७७०७८ को बजेट तथा कार्यक्रम पेश गर्ने क्रममा नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी आज हामीले अभ्यास गरी रहेको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवनको बलिदान दिनुहने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते, अपाङ्ग, बेपत्ता योद्धा तथा सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संवैधानिक व्यवस्थाहरु, नेपालको पन्ध्रौं योजना (२०७५/०७६-२०८०/२०८१), गाउँपालिकाको पहिलो आवधिक योजना (२०७५-२०७९) का प्राथमिकताहरु, नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुमा उल्लेख भएको "**समृद्ध नेपाल, सुखी नेपाली**"

को राष्ट्रिय आकांक्षा पुरा गर्ने संकल्प, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकार अन्तर्गत रहेर रोजगारी सिर्जना, गरिबी न्युनीकरण, विभेदको अन्त्य गरी समतामुलक समाजको निर्माण, कृषि तथा पशुपालन क्षेत्रको विकास र विस्तार, उत्पादनको बजारीकरण, प्रत्येक घरधुरीमा खानेपानीको पँहुच बढाउन एक घर एक धाराको पहुँच विस्तार, पूर्वाधार विकास, विपद् व्यवस्थापन, वन तथा वातावरण संरक्षण, सेवा प्रवाहमा चुस्तता र सुशासन प्रवर्द्धनलाई प्रमुख प्राथमिकता दिई आर्थिक वर्ष २०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरेको छु ।

आदरणीय सभाध्यक्ष ज्यू
नेपालको संवैधानिक व्यवस्थाहरु, स्थानीय तहको कार्य विस्तृतीकरण, नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, दिगो विकास लक्ष्य, नेपालको पन्ध्रौं योजना (२०७५/२०७६-२०८०/२०८१) का प्राथमिकताहरु, गाउँपालिकाको पहिलो आवधिक योजना, नेपाल सरकारका नीति तथा कार्यक्रम, कोरोना महामारीले निम्त्याएको संकटका विच इस्मा गाउँपालिकाको तय गरेको वार्षिक नीति तथा कार्यक्रमले अंगिकार गरेका प्राथमिकताहरुलाई आधारको रुपमा लिई आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम तयार गरेको छु ।

आदरणीय सभाध्यक्ष ज्यू
यस सम्मानित गाउँ सभाका सदस्य ज्यूहरु,
अब म यस गाउँपालिकाको सोँच, लक्ष्य, उद्धेश्य र प्राथमिकतानिर्धारण गरी आगामी आर्थिक वर्ष २०७७।०७८ को विषय क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. सोँचः- समतामूलक इस्मा समृद्धिको आधार कृषि, पर्यटन र पूर्वाधार
२. लक्ष्यः-निरपेक्ष गरिबी निवारण
३. प्राथमिकताहरुः-

**आर्थिक विकास**ः-कृषि र पशुपालनको व्यवसायीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी स्वरोजगारी सिर्जना, कृषि तथा पशु क्षेत्र विकासको लागि प्राविधिक जनशक्ति व्यवस्थापन तथा सिपयुक्त जनशक्तिको विकास ।

**सामाजिक विकास**ः- ३५०० घरधुरीमा एक घर एक धारा विस्तार, बहुप्राविधिक शिक्षालयको संचालन, शिक्षामा गुणस्तर सुधार, समुदायको स्वास्थ्य एवं महिला तथा बालबालिकाको पोषण स्थितिमा सुधार, विकासमा समुदायको सार्थक सहभागिता ।

**भौतिक विकासः-** गाउँपालिकाको प्रशासनिक भवन र वडा नं. २ को कार्यालय भवन निर्माण, चक्रपथ ट्रयाक खोल्ने काम सम्पन्न गर्ने, नियमित यातायात सञ्चालन योग्य सडक व्यवस्था ।

**वन तथा वातावरण,विपद व्यवस्थापन**

कोरोना महामारीको नियन्त्रण र व्यवस्थापन, विपदमा परेकाहरुको तत्काल उद्धार र राहत, जडिबुटी र बहु-उपयोगी विरुवाको नर्सरी स्थापना, पानीको मुहान संरक्षणका लागि पुनर्भरण पोखरीको निर्माण ।

**संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध**

गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिताको लागि नागरिक सहायता कक्षको स्थापना र सञ्चालन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ आदिको माध्यमबाट नागरिकका गुनासा समाधान गरी सुशासनको विकास । गाउँपालिका भित्रका कर्मचारी, जनप्रतिनिधि र सम्पूर्ण संघ संस्थाहरुको क्षमता विकास र प्रभावकारी परिचालन ।

आदरणीय सभाध्यक्ष ज्यू

अब म बजेटको विभिन्न क्षेत्रगत विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

*१.आर्थिक विकासतर्फ*

*कृषि तथा पशु*

**१.१ "इस्माको आवश्यकता : कृषि र पशुपालनमा व्यवसायिकता"** कार्यक्रमलाई निरन्तरता दिंदै कृषि तथा पशुविकास कार्यक्रमलाई व्यवसायिक रुपमा अगाडि बढाउने, कृषकको मुनाफा सुनिश्चित गरी कृषि तथा पशु उपजको न्युनतम समर्थन मूल्य कायम गर्ने, गाउँपालिका भित्र उत्पादन हुने तरकारी तथा फलफूलजन्य उत्पादनको आन्तरिक खपतलाई प्रोत्साहन गरी आयात निरुत्साहन गर्ने, गाउँपालिकालाई आगामी २ बर्षभित्र मासु, दुध र अण्डामा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँपालिकालाई बाख्राको श्रोत केन्द्रको रुपमा विकास गर्दै खसी बोका तथा मासु निर्यातको लागि सक्षम तुल्याउने तथा कृषि उत्पादन बढाउन कृषकहरु लाई सीप, प्रविधि र पूर्वाधारमा अनुदान दिने, कृषि र पशु बीमा प्रिमियममा कृषकले भुक्तानी गर्ने रकमको ५० प्रतिशत गाउँपालिकाको तर्फबाट भुक्तानी गर्नको लागि आगामी आर्थिक वर्षको बजेटबाट रकम विनियोजन गरेको छु ।

१.२ "***कृषकसँग प्राविधिक कार्यक्रम***" लागु गरी घरघरमा कृषि र पशुप्राविधिक सेवा उपलब्ध गराउने, कृषक पाठशाला संचालन, मल, बीउ, प्रविधि, सिंचाइ र सिंचाइको लागी नयाँ प्रविधि प्रयोगको व्यवस्था, पशुमा कृत्रिम गर्भाधान, नश्लसुधार, खोप तथा औषधीको व्यवस्था एवं खोर गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिन रु १२ लाख विनियोजन गरेकोछु। ।

१.३ तरकारी, फलफूल, कफी, मासु, दुध उत्पादनलाई पकेट र ब्लक बनाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । मकै, कोदो, धान, गहुँ पकेट कार्यक्रमलाई निरन्तरता दिएको छु । मकै जोनको कार्यक्रमलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासँग समन्वय गरी प्रभावकारी बनाइनेछ । कृषकको उत्पादनलाई सुरक्षित भण्डारण र बजारीकरणमा आवश्यक व्यवस्था गर्न वडा स्तरिय संकलन केन्द्रको स्थापना तथा वडा नं.-२ मा गाउँपालिका स्तरीय संकलन केन्द्र र शित भण्डार निर्माणको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१.४ गाउँपालिका भित्र उपयुक्त स्थानमा एक नमुना कृषि फर्म र वडा नं.-२ को उपयुक्त स्थानमा एक फलफूल बगैंचा निर्माण गर्ने कार्य संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा अगाडि बढाउने व्यवस्था मिलाएकोछु, साथै व्यक्तिगत रुपमा संचालन हुने कृषि उद्यमलाई आवश्यक सहुलियत कर्जा, प्रविधि, पूर्वाधार, सिंचाइ र अनुदानको व्यवस्था गर्न बजेटमा आवश्यक व्यवस्था मिलाएको छु ।

१.५ कृषकलाई आवश्यक फलफुल, घाँस लगायतका बहुउपयोगी विरुवा उत्पादन र वितरण गर्न नर्सरी स्थापना र सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिएकोछु । त्यसको लागि वडा नं. ३ मा रहेको नर्सरीको प्रभावकारी उपयोग गर्न तथा अन्य उपयुक्त स्थानमा नर्सरी स्थापना र संचालन गर्न बजेटमा व्यवस्था मिलाएकोछु । कृषि तथा पशु उपजमा लाग्ने रोगको पहिचान र निदानका लागी जनशक्ति र परीक्षण ल्यावको संचालन गर्न बजेट व्यवस्था गरेकोछु ।

१.६ सामुदायिक विकासका लागी बाख्रा उद्यम परियोजनालाई निरन्तरता दिँदै वडा नं. २ मा विस्तार गर्न तथा प्रभावकारी कार्यन्वयन गरी इस्मा गाउँपालिकालाई बाख्रा कार्यक्रमबाट पहिचान स्थापीत गर्दै श्रोत केन्द्र बनाउन एक करोड पचास लाख बजेट विनियोजन गरेकोछु ।

१.७ अमिलो जातको फलफुलको व्यवसायिक खेती प्रवर्द्धन गर्नका लागी वडा नं. २ मा निजी उद्यमीलाई विरुवा उत्पादन नर्सरी स्थापना गर्न उद्यम विकास कोषबाट सहुलियत कर्जाको व्यवस्था गर्ने गरी रु पाँच लाख बजेट व्यवस्था गरेको छु । त्यसैगरी असिना लगायतका प्राकृतिक विपत्ति तथा वन्यजन्तु बाट कृषि उपजको क्षती हुन गएमा सोको मुल्यांकन गरी कृषकलाई न्युनतम लागत राहत उपलब्ध गराउने व्यवस्थाको सुरुवातका लागी बजेटको व्यवस्था गरेको छु ।

१.८ प्रत्येक वडामा स्थानीय जातका खसी बोका र कुखुराको मासु उपलब्ध हुने गरी मासु पसल स्थापना गर्न उद्यमीलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गरेको छु । प्रांगारिक खेती प्रणालीको विकास एवं जैविक विषादी उत्पादन र प्रयोगमा जोड दिन आवश्यक व्यवस्था मिलाएको छु । ।

१.९ गाउँपालिकाले लिएको "**समृद्धिका लागि हाम्रो प्राथमिकता, आयआर्जनमा युवा सहभागिता"** को लक्ष्यलाई सफल बनाउनको लागि उद्यम गर्न चाहने युवाहरुको वित्तीय पहुँच विस्तार गर्न "**उद्यम विकास कोष"** स्थापना गरी निर्व्याजी सहुलियत कर्जाको कार्यक्रम लागू गरिनेछ । कोरोना महामारीबाट प्रभावित भई विदेशबाट सीप सिकेर गाउँ फर्किएका युवाहरुलाई लक्षित गरी "**विदेशी सिप स्वदेशी लगानी, इस्माको समृद्धि गाउँमै आम्दानी"** को नारालाई व्यवहारमा कार्यन्वयन गरिनेछ । यसको कार्यान्वयनका लागि आवश्यक कानुनी र आर्थिक व्यवस्था मिलाई सहकारी तथा अन्य वित्तीय संस्थासँग सहकार्य गरि कार्यक्रमको प्रभावकारी व्यवहारिक कार्यन्वयनका लागी रु पैंतीस लाख बजेटको व्यवस्था गरेको छु ।

१.१० कोरोना महामारीका कारण हुनसक्ने खाद्यान्न संकट तथा भारत प्रवास, तेस्रोमुलुक र देशका शहरी क्षेत्रबाट यस गाउँपालिकामा फर्केको जनशक्तिलाइ रोजगारी दिन "**हाम्रो श्रम हाम्रै विकास"**भन्ने भावना जगाउँदै अत्यावश्यक अवस्थामा बाहेक मेशिनको प्रयोगमा रोक लगाउने नीति लिइ गाउँपालिकाका चालु तथा नयाँ विकास आयोजनाहरुलाई श्रममूलक बनाई स्थानीय श्रम शक्तिको उपयोग गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१.११ युवाहरुलाइ रोजगार एवं स्वरोजगार बनाउन पम्प अपरेटर तथा मर्मत सम्भार, प्लम्बिङ्ग, डोजर चालक, गाडी मर्मत, हेयर कटिङ्ग, व्युटीसियन, ग्रामिण पशु तथा कृषि कार्यकर्ता लगायतका तालीमहरुमा सहभागी गराउन रु आठ लाख बजेट व्यवस्था गरेको छु ।

१.१२ जमिन बाँझो रहन नदिन र काम गर्ने युवाहरुहरुलाई आवश्यक जमिन उपलब्ध गराइ करार खेतीको व्यवस्था गर्न भूमी बैंक स्थापना गरी कार्यन्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१.१३ सहकारी संस्थासँग सहकार्य गरी कृषकले उत्पादन गरेका पशु तथा कृषि उपजको संकलन र बिक्रि वितरणका लागि कृषि तथा पशु उपज संकलन केन्द्र स्थापना र साप्ताहिक हाटबजार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । सहकारीमा कृषकले गरेको उत्पादन बिक्री परिमाणका आधारमा उत्पादनमा आधारित अनुदान दिने व्यवस्थालाई निरन्तरता दिन अठार लाख बजेट विनियोजन गरेको छु ।

१.१४ सहकारी मार्फत सुपथ मुल्य पसल संचालन गरी किसानलाई मल, विउ, विषादी र अन्य आवश्यक वस्तुहरु उक्त पसलबाट उपलब्ध गराउन उचित कदम चालिनेछ । प्रत्येक परिवारलाई सहकारीमा आवद्ध गर्दै कृषि तथा पशुविकास सहकारीहरुको विकास र प्रवर्द्धनका लागि आवश्यक सहयोग पुऱ्याउन रु ६ लाख बजेट विनियोजन गरेको छु ।

१.१५ महिलाहरुको नेतृत्वमा सञ्चालित सहकारी संस्थालाई प्रोत्साहन र पुरस्कार प्रदान गर्ने तथा व्यवस्थापकीय सहयोग गर्ने नीति कार्यन्वयन गरिनेछ । सहकारी संस्थाको संस्थागत क्षमता विकास र सदस्यहरुको लागि सहकारी तालिमको प्रदानगर्न बजेट व्यवस्था गरेको छु ।

१.१६ गरिबी निवारणको लागि गाउँपालिका भित्रका गरिब घरधुरी पहिचान र परिचय पत्र वितरण कार्यक्रम अगाडि बढाउन तथा सुकुम्बासी र भुमीहिनको लगत संकलन गरी समस्या समाधानको पहल गर्न संघीय र प्रदेश सरकारसँग सहकार्यको व्यवस्था मिलाएको छु ।

१.१७ गाउँपालिका भित्रका पक्की तथा कच्चि सडकहरुको संरक्षण गरी नियमित संचालनका गर्न सडक मर्मतकर्ता (लेन्थवर्कर)को व्यवस्थालाई निरन्तरता दिएकोछु, यो कार्यक्रम कार्यन्वयन गर्न रु नब्बे लाख विनियोजन गरेको छु ।

१.१८ स्वास्थ्य क्षेत्रमा एकीकृत तथ्याङ्क प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ । स्वास्थ्य बीमाको दायरा विस्तार गर्दै लगिनेछ, विपदमा परेका तथा जटिल रोगीहरुको

उपचारका लागि आर्थिक सहयोग गर्दा प्रगतिशील आर्थिक सहायता नीतिको आधारमा सहयोग गरिनेछ ।उल्लेखित कार्यक्रम कार्यन्वयन गर्न बजेट छुट्टाएको छु ।

१.१९ गाउँपालिकाको वडा नं.-३ मा औद्योगिकग्राम स्थापना गर्ने कार्यलाई अगाडि बढाउने, गुल्मी जिल्लाकै पहिचानका रुपमा रहेको बुल्म सेरामिक्स उद्योगलाई नियमित र व्यवसायिक रुपमा सञ्चालन गरी आम्दानी वृद्धि गर्न उद्योगको क्षमता विस्तार गर्ने, जनशक्ति निर्माण तथा मेशिन औजारहरु उपलब्ध गराउने नीति कार्यान्वयन गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

१.२० गाउँपालिका भित्र फर्निचर, जडीबुटी, इटा लगायतका उद्योगधन्दा स्थापना र सञ्चालन गर्नको लागि व्यवशायीहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१.२१ ऐतिहासिक तथा धार्मिक महत्व बोकेको इस्माकोट दरबारसहित माइकास्थान, देउराली, अमरपुरकोट, उजुङकोट, रामकोट, थामकागढी लगायतका क्षेत्रहरुको संरक्षण र पूर्वाधार विकास गर्दै पर्यटन प्रवर्द्धन गर्न तथा स्याँला तिनआँप छल्दीपनाहामा जलाशय निर्माणको प्रक्रिया अगाडि बढाउन पहल गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु । पर्यटन प्रवर्द्धनको लागि होमस्टे सञ्चालन प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

१.२२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको प्रभावकारी कार्यन्वयन मार्फत विपन्न जनताको आय स्तर वृद्धि गर्न गाउँपालिकाको तर्फबाट आवश्यकको व्यवस्था गरेको छु ।

## *२.सामाजिक विकास*

**२.१ कोभिड महामारी व्यवस्थापन :** विश्वव्यापी संकट बनिरहेको कोभिड १९ को महामारी आगामी वर्ष झन् बढ्ने संभावनालाई मध्यनजर गर्दै नीति तथा कार्यक्रममा उल्लेखित व्यवस्थाको कार्यन्वयन गर्न निम्नानुसार व्यवस्था मिलाएको छु,

२.१.१ कोरोनाको सम्भावित संक्रमणलाई मध्यनजर गर्दै भारत, अन्य तेश्रो मुलुक र देशका अन्य स्थानबाट गाउँपालिकामा आउने व्यक्तिहरुलाई क्वारेन्टीनमा व्यवस्थापन गर्न क्वारेन्टीनको क्षमता विकास गरी आधारभूत सुविधा उपलब्ध गराउने ।

२.१.२ कोरोना संक्रमितहरुको उपचारका लागि गाउँपालिकाको उपयुक्त स्थानमा एउटा आइसोलेसन अस्पताल तयार गरी अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

२.१.३ जिल्लामा पि.सि.आर. जाँच प्रयोगशाला स्थापनाको लागि अन्य स्थानीय तहहरुसँग  साझेदारी गर्ने ।

२.१.४ गाउँपालिकाभित्र क्रियाशील राजनीतिक दल, सामाजिक संघसंस्था र समुहहरुको परिचालन र सहयोग लिई नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

२.१.५ स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गर्ने । साथै गाउँपालिका अर्न्तगतका मुख्य सार्वजनिक सेवा प्रदायक निकाय, आवतजावत हुने मुख्य स्थानहरुमा साबुन पानीले हात धुने व्यवस्था गर्ने ।

२.१.६ कोरोना महामारी नियन्त्रणमा खट्ने स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, सवारीचालक, स्वयंसेवक तथा जनप्रतिनिधिहरुको लागि व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री, विमा लगायतको व्यवस्था गरी उच्च मनोवलका साथ काम गर्ने वातावरण निर्माण गर्ने ।

२.१.७ कोरोनाका कारण मृत्यु भएमा मृतकका परिवारलाई राहत उपलब्ध गराउने नीति लिइनेछ ।उल्लेखित कार्यहरु सम्पादन गर्न एकमुष्ठ रु एक करोड रुपैयाँ विनियोजन गरेको छु ।

**२.२** आगामी २ वर्षमा प्रत्येक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउन **"एक घर एक धारा"** निर्माण कार्यलाई प्राथमिकता दिई आगामी आ.व.भित्र ३५०० घरधुरीमा एक घर एक धारा पुर्‍याइनेछ । यस योजनालाई गाउँपालिकाको गौरवको योजनाको रुपमा अगाडि बढाउन रु एक करोड बीस लाख बजेट विनियोजन गरेको छु ।

२.३ गाउँपालिकामा सञ्चालनमा रहेका ठूला खानेपानी आयोजनाहरुको नियमित मर्मतसम्भार गरी खानेपानी सेवा उपलब्ध गराउन गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाइ विकास बोर्ड मार्फत खर्च गर्ने गरी रु तेह्र लाख बजेट विनियोजन गरेको छु ।

२.४ शैक्षिक संस्थाहरुमा भवन, फर्निचर, खेलमैदान, घेरावार, शौचालय, खानेपानी, रंगरोगन, कम्प्युटर, विज्ञानल्याव लगायतका एकीकृत पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्ने नीति कार्यान्वयनका लागि प्रत्येक वडाको कक्षा आठसम्म पढाइ हुने कुनै १ (एक) विद्यालयमा कार्यक्रम संचालन गर्न रु तीस लाख बजेटको व्यवस्था गरेको छु ।

२.५ विद्यालयहरुको शिक्षण सिकाइ सुदृढीकरण कार्यक्रमका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

२.६ द्वन्दपीडित, सहिद परिवार, घाइते तथा अपांगका परिवार, वेपत्ताका परिवार, अभिभावक विहीन बालबालिका, दलित, जनजाति तथा विपन्न समुदायका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच स्थापित गर्न विभिन्न स्थानमा प्राविधिक धारको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई सहुलियत कर्जा वा छात्रवृत्तिको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु ।

२.६ गाउँपालिकाको वडा नं ५ मा सञ्चालन हुन लागेको बहुप्राविधिक शिक्षालयलाई जग्गा व्यवस्थापन गरी छिटो सञ्चालनमा ल्याउन रु असी लाख बजेट विनियोजन गरेको छु ।

२.७ खेलकूद, कला, सँस्कृति, मनोरञ्जन लगायतका क्षेत्रमा आवश्यक क्षमतावान घुम्ती शिक्षकको व्यवस्था गर्न रु छ लाख बजेट विनियोजन गरेको छु । साथै विद्यालयमा त्रैमासिक रुपमा स्वास्थ्य शिविर र स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गर्न आवश्यक व्यवस्था गरेको छु ।

२.८ वैदेशिक रोजगारीबाट फर्किएका र यस गाउँपालिकाका युवाहरुलाई सूचीकरण, सीप पहिचान र आवश्यकताको आधारमा परिचालन गरी रोजगारी दिने कार्यलाई व्यवस्थित गर्न श्रमबैंकको स्थापना गर्न आवश्यक व्यवस्था मिलाएको छु ।।

२.९ महत्वपूर्ण शिक्षण संस्थामा नजिकका अन्य विद्यालयहरु समायोजन गर्ने र स्कुल बसको व्यवस्था गरी विद्यालयको सेवाक्षेत्र विस्तार गर्न अन्तर सरकारी तथा अन्य निकायसँग आवश्यक सहकार्यको व्यवस्था मिलाएको छु ।

२.१० विकासमा जनसहभागिता वृद्धि गर्न आवश्यक नीतिगत व्यवस्था गरी गाउँपालिका स्तरीय खेलकुद, युवा, बाल क्लव, अपाङ्ग, महिला, दलित, जनजाति तथा

ज्येष्ठ नागरिक विकास समितिहरु गठन गरी सम्बन्धित समुदायमा तोकिए बमोजिम कार्य गर्न रु पचास लाख बजेट विनियोजन गरेको छु ।

२.११ खेलकुद क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम गाउँपालिकास्तरीय खेलकुद विकास समिति मार्फत अगाडि बढाउन गाउँपालिकास्तरमा अध्यक्षकप भलिबल प्रतियोगिता संचालन गर्न आवश्यक बजेटलाई निरन्तरता दिएकोछु । गाउँपालिकाभित्र निर्माणाधीन रंगशालालाई आगामी आर्थिक वर्षभित्र पुरा गर्न सम्बन्धित निकायमा आवश्यक पहल गर्ने व्यवस्था गरेकोछु ।

**२.१२"दिगो विकासका लागि महिला सशक्तीकरण"** भन्ने मान्यतालाई अत्मसात गर्दै महिलाहरुको लागि सचेतनामूलक, क्षमता विकास र आय-आर्जनकाका कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाभित्र गठन हुने उपभोक्ता समिति, टोल सुधार समिति, विभिन्न क्लब तथा सामुदायिक संस्थाहरुमा ५० प्रतिशत महिला सहभागितालाई सुनिश्चत गर्ने तथा एकल महिलाहरुको लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । वडाका विभिन्न टोलहरुमा टोल विकास संस्था गठन गरी प्रभावकारी रुपमा परिचालनको व्यवस्था मिलाएकोछु ।

२.१३ लैंगिक विभेद, जातीय विभेद, महिला हिंसा, बालविवाह जस्ता सामाजिक विकृति, विसंगति र गैरकानुनी कार्यविरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गर्दै सबै प्रकारका विभेदमुक्त वार्ड तथा गाउँपालिका घोषणा गर्दै जाने नीति कार्यान्वयनको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।

२.१४ ज्येष्ठ नागरिकहरु, अपांगता भएका र फरक क्षमताका नागरिकहरुको सम्मान गर्दै आवश्यक सहयोगी सामग्री वितरण गर्ने व्यवस्था मिलाएको छु ।

२.१५ गाउँपालिका भित्रका दलित समुदायको परम्परागत सीप तथा पेशाको आधुनिकीकरण गर्न आवश्यक व्यवस्था मिलाएकोछु ।

२.१६ गाउँपालिकाको भुगोलभित्र पर्ने छल्दी फाँटको सार्वजनिक जग्गा पहिचान तथा संरक्षण गर्ने र क्रमश: अन्य वडाका महत्तवपूर्ण स्थानका सार्वजनिक जग्गाको पहिचान र संरक्षण गर्दै जाने कार्यक्रम कार्यान्वयन गर्न बजेट व्यवस्था गरेकोछु ।

२.१७ घरमा हुने सुत्केरी तथा शिशु मृत्युलाई शुन्यमा झारी वडा, गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्नेतर्फ रणनीतिक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

२.१८ गर्भवती महिलाहरुको स्वास्थ्य र पोषणमा सुधारको लागि गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिने, सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने, निशुल्क क्याल्सीयम र आइरन चक्की वितरणको व्यवस्था तथा सुत्केरी जाँचका लागि स्वास्थ्यकर्मीलाई घरघरमा पुऱ्याउने कार्यक्रम कार्यान्वयन गर्न रु बाह्र लाख रुपैयाँ बजेट व्यवस्था गरेको छु ।

२.१९ महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु । यसको लागी रु चार लाख पचास हजार बजेट विनियोजन गरेको छु ।

२.२० स्थानीय मठमन्दिर र मौलिक कला-संस्कृतिको संरक्षण तथा प्रवर्द्धनगर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

## *३. पूर्वाधार विकास*

३.१ गाउँपालिकाको केन्द्र तय गरी प्रशासनिक भवन र वडा नं. २ को कार्यालय भवन निर्माण कार्य अघि बढाउन र गाउँपालिकाको उपयुक्त स्थानमा अतिथि गृह निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न एक करोड तीस लाख बजेट विनियोजन गरेकोछु ।

**३.२ "जनतालाई हाम्रो भर, विपन्नलाई सुरक्षित घर"** अभियानलाई साकार पार्दै खरेछाना विस्थापित गरी टिनका छाना सहितको सुरक्षित आवास निर्माण कार्य अन्तिम चरणमा पुगेको तर कोभिड १९ को संक्रमणका कारण घोषणा गर्न नसकिएको **खरको छाना मुक्त गाउँपालिका** आगामी आर्थिक वर्षको पहिलो चौमासिकभित्र सम्पन्न गरी घोषणा गर्नको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

३.३ आगामी २ बर्षभित्रमा पालिकाको केन्द्रमा र ५ बर्षभित्र सबै वडाहरुमा कालोपत्रे सडकको पहुँच विस्तार गर्न संघीय सरकार र प्रदेस सरकारसँग सहकार्य गर्ने व्यवस्था मिलाएकोछु ।

३.४ गाउँपालिकाको गौरवको आयोजनाको रुपमा वातावरणमैत्री चक्रपथ निर्माण कार्यको ट्र्याक खोल्ने कार्य यसै वर्ष सम्पन्न गर्नसंघीय र प्रदेस सरकारसँग साझेदारी गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३.५ आवश्यक तयारी पूरा गरी आगामी आर्थिक वर्षको प्रथम चौमासिकभित्र **उज्यालो इस्मा गाउँपालिका**घोषणा गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३.६ विद्युतीकरणमा प्रयोग भएका काठका पोलहरु विस्थापन गरी स्टील पोल राख्ने व्यवस्था गर्न प्रदेश र केन्द्र सरकारसँग साझेदारी गर्ने व्यवस्था मिलाएकोछु ।गाउँपालिका भित्रका महत्वपूर्ण स्थानमा सडक बत्तीको व्यवस्था गर्न बजेट व्यवस्था गरेकोछु ।

३.७ गाउँपालिकाको वडा नं.-४ को उपयुक्त स्थानमा भ्यू-टावर निर्माण गर्न डिपीआर तयारीको लागी आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३.८ इस्मा दरवारको पुनःनिर्माण, संरक्षण र संग्राहालय निर्माणका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाएकोछु ।

## *४.वन, वातावरण तथा विपद व्यवस्थापन*

४.१ विपद व्यवस्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना लागू गर्न तथा विपदमा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्न विपद व्यवस्थापन कोषको रकममा वृद्धि गरेको छु ।
४.२ वडा नं.५ मा स्थापित जडीबुटी सूचना केन्द्रलाई प्रदेश सरकारसँगको साझेदारीमा थप विकास गर्दै जडीबुटीका विरुवाको श्रोत केन्द्रको रुपमा विकास गरी कृषकलाई जडीबुटी खेतीमा आकर्षित गरिनेछ । गाउँपालिकाको नर्सरीबाट बहुवर्षीय, बहुउपयोगी विरुवा, घाँसको उत्पादन स्थलको रुपमा विकास गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

४.३ वनमा आधारित उद्यम, जडीवुटी खेती, फर्निचर व्यवसाय, माहुरीपालन लगायतका व्यवसाय संचालनको लागि उपयुक्त वातावरण तयार गर्ने, वनमा रहेका सल्लो लगायतका कुकाठ हटाउने तथा खाली ठाउँमा बहुवर्षीय, बहुउपयोगी

फलफूल, घाँस तथा अन्य जातका वृक्षारोपण गर्न आवश्यक कार्यक्रम गर्न बजेट व्यवस्था मिलाएको छु ।

४.४ विकास निर्माण कार्यलाई वातावरणमैत्री र दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाइनेछ । प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्ने, वातावरण संरक्षणसंगै जलवायु परिवर्तन अनुकुलनका लागि हरेक टोलमा पोखरी निर्माण गर्ने तथा समुदायको सहभागितामा परम्परागत पोखरी, कुवा र मुहानहरुको संरक्षण र सम्भार गर्ने कार्यलाई अगाडि बढाउन बजेट विनियोजन गरेको छु ।

४.५ गाउँपालिकालाई प्लाष्टिकमुक्त, स्वच्छ, सफा र हराभरा राख्ने तथा पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्ने गरी समुदाय स्तरमा विशेष अभियानहरु सञ्चालन गरिनेछ । धुवाँरहित सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएकोछु ।

### *५.संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध*

५.१ गाउँपालिकाको न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीको क्षमता विकास, कानुनी सल्लाहकार, कर्मचारी तथा इजलाश लगायत अन्य भौतिक संरचनाको व्यवस्था गर्दै लगिनेछ । हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने, न्यायिक समितिले गरेका निर्णय र मिलापत्र कार्यान्वयन गराउन तथा गाउँपालिकाको नीति, कानुन र निर्णय पालना गराउन नगर प्रहरीको प्रभावकारी परिचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

५.२ दुईमासिक रुपमा गाउँपालिकाको आम्दानी खर्चको प्रगति विवरण कार्यपालिकामा प्रस्तुत गरी छलफल तथा समिक्षा गर्ने, वडा समितिको निर्णयको आधारमा वडा स्तरको सञ्चालन खर्च परिचालन गर्ने व्यवस्था मिलाएको छु । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई र बार्षिक रुपमा योग्यता पुगेको तेस्रो पक्षवाट सामाजिक परीक्षण गराई त्यहाँबाट आएका सुझावहरु कार्यान्वयन गरी कार्यसम्पादन प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरेको छु ।

५.३ गाउँपालिका तथा गाउँपालिका अर्न्तगतका सबै कार्यालयहरुलाई सुविधायुक्त र सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ । नागरिक सहायता कक्षकालागि जनशक्ति व्यवस्था गरी प्रभावकारी ढंगले सेवा प्रदान गर्ने व्यवस्थाका लागी आवश्यक व्यवस्था मिलाएको छु । पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाइ, सर्वेक्षण फारम मार्फत

नागरिक सन्तुष्टि मापन, विद्युतिय सूचना प्रविधिको प्रयोग लगायतका कार्य सम्पादनका लगाी आवश्यक व्यवस्था मिलाएको छु ।

आदरणीय अध्यक्ष ज्यू,

सभाका सदस्स्य ज्यूहरु

बजेटको क्षेत्रगत विनियोजन निम्नानुसार रहेको व्यहोरा अनुरोध छ ।

| क्र.स. | बजेट शिर्षक | बजेट | कैफीयत |
|---|---|---|---|
| १ | सञ्चालन खर्च | ५ करोड ६५ लाख | |
| ३ | समपुरक कोष तर्फको बजेट | ३ करोड | |
| ४ | आर्थिक विकास तर्फको बजेट | २ करोड ८३ लाख | |
| ५ | सामाजिक विकास तर्फको बजेट | ३ करोड ४५ लाख | |
| ६ | पूर्वाधार विकास तर्फको बजेट | २ करोड ९७ लाख | |
| ७ | वन, वातावरण तथा विपद व्यवस्थापन | १ करोड ३७ लाख | |
| ८ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २७ लाख | |
| ९ | मर्मत सम्भार कोष | ९० लाख | |
| १० | पुँजीगत भैपरि | ४४ लाख ५६ हजार ४ सय ३० | |
| | जम्मा | २० करोड ८८ लाख ५६ हजार ४ सय ३० । | |

**बजेट कार्यन्वयनमा अनुशासन, प्रभावकारिता तथा अनुगमन र मुल्याङ्कन**

सभावाट पारित योजनाहरुको कार्यतालिका आर्थिक वर्षको पहिलो महिनाभित्रमा निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिकाको लक्ष्य प्राप्तिमा केन्द्रित रहन जनप्रतिनिधि र कर्मचारीवीच निरन्तर अन्तरकृया गर्ने र कर्मचारीको क्षमता विकासका लागि कार्यसम्पादन सँग सम्वन्धित तालिमको आयोजना गरिनेछ ।

वजेट कार्यान्वयनमा प्रभावकारिता, वित्तिय पारदर्शिता, उत्तरदायित्व, वित्तिय अनुशासन, प्रवर्द्धनका लागि लेखा परीक्षण, सार्वजनिक परीक्षण, सामाजिक सुनुवाई गर्नुका साथै प्रभावकारी अनुगमन मुल्याङ्कनको व्यवस्था गरेको छु ।

**राजस्व**

गाउँपालिकालाई आर्थिक रुपमा सवल र सक्षम बनाउन साथै जनतालाई करप्रति सचेत बनाउन हामिले तिरेको कर हाम्रै विकासका लागी भन्ने भावनाको विकास गर्दै प्रगतिशिल कर प्रणाली लागु गर्ने व्यवस्था मिलाएको छु । कर प्रणालीलाई व्यवस्थित बनाउन र कर चुहावट नियन्त्रण गर्न बैंकिङ्ग प्रणालीलाई निरन्तरता दिइ प्रभावकारी बनाइनेछ । करदाताहरु सँग सहकार्य गर्दै असल करदाता सम्मान र करछली गर्नेलाई दण्ड जरिवानाको व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ ।

आदरणीय अध्यक्ष ज्यू ,
सभाका सदस्य ज्यूहरु,

प्रस्तुत गरिएको बजेट कार्यक्रम कार्यान्वयन गर्नको लागी निम्नानुसार आय-व्ययको अनुमान पेस गरेको छु ।

| क.स. | आय | | व्यय | |
|---|---|---|---|---|
| | विवरण | बजेट | विवरण | बजेट |
| १ | आन्तरिक आय | ४० लाख | संचालन खर्च | ५ करोड ६५ लाख |
| नेपाल सरकारबाट प्राप्त | | | समपुरक कोष | ३ करोड |
| २ | समानीकरण अनुदान | ९ करोड ३ लाख | आर्थिक विकास | २ करोड ८३ लाख |
| ३ | राजस्व बाँडफाँड | ६ करोड७३ लाख ९६ हजार ८ सय ५० | सामाजिक विकास | ३ करोड ४५ लाख |
| ४ | सशर्त अनुदान | १७ करोड ५६ लाख | भौतिक पूर्वाधार विकास | २ करोड ९७ लाख |
| ५ | विशेष अनुदान | १ करोड ५० लाख | वन, वातावरण तथा विपद व्यवस्थापन | १ करोड ३७ लाख |
| ६ | संघीय समपुरक | ७२ लाख | संस्थागत विकास, सेवा प्रवाह, र सुशासन | २७ लाख |
| प्रदेश सरकारबाट प्राप्त | | | पूँजीगत भैपरि | ४४ लाख ५६ हजार ४ सय ३० |
| ७ | समानीकरण अनुदान | ५९ लाख ३ सय दश | सशर्त तर्फ | १७ करोड ५६ लाख |

| | | | | |
|---|---|---|---|---|
| ८ | राजस्व बाँडफाँड | ५१ लाख ८४ हजार २ सय७० | विशेष तर्फ | १ करोड ५० लाख |
| ९ | समपुरक अनुदान | १ करोड ५० लाख | | १ करोड ५० लाख |
| | कन्टेन्जेन्सी | २०,००,००० लाख | संघीय समपुरक | ७२ लाख |
| जम्मा | | ४२ करोड १६ लाख ५६ हजार ४ सय ३० मात्र | जम्मा | ४२ करोड १६ लाख ५६ हजार ४ सय ३० मात्र |

आदरणीय सभाध्यक्ष ज्यू
सभाका सदस्य ज्यूहरु,

यो बजेटको कार्यान्वयनबाट कोरोना महामारीको नियन्त्रण र व्यवस्थापनमा विशेष सहयोग पुग्नेछ । त्यसैगरी पूर्वाधार विकास, कृषि तथा पशुपालनको व्यवसायीकरण, रोजगारी तथा स्वरोजगारीको सिर्जना, विकासमा विभिन्न समुदायको सार्थक सहभागिता, गाउँपालिकाको सम्पूर्ण जनशक्ति परिचालन गरी सेवा प्रवाहमा सहजता सिर्जना हुनेछ । गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको एक घर एक खानेपानी धारा निर्माण कार्यक्रमले खानेपानी सुविधामा गुणात्मक फड्को मार्नेछ ।

अन्त्यमा,

भौगोलिक रुपमा कम विकसित एवं श्रोत साधनको सीमितता रहेको हाम्रो जस्तो गाउँपालिकाले छोटो अवधिमा फड्को मार्नु सम्भव नभए पनि उपलब्ध श्रोत साधनको उच्चतम सदुपयोग गरी परिणामुखी काम गर्नमा हाम्रो ध्यान पुर्ण रुपमा केन्द्रित छ । समुन्नत, समतामुलक एवं समृद्ध इस्मा गाउँपालिका निर्माण गर्नसम्पूर्ण राजनीतिक दल, कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु लगायत सबै सरोकारवालाहरुको एकताबद्ध पहल आवश्यक रहेकोले सबैमा हार्दिक अपील गर्दछु । कोरोना महामारीले निम्त्याएको चौतर्फी चुनौती र आर्थिक दवावलाई झेल्दै समस्याको समाधान गर्नुपर्ने दायित्वमा थप हार्दिकता सहितको प्रभावकारी पहलमा एकजुट हुन बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन  गरी **समतामुलक इस्मा समृद्धिको आधार, कृषि, पर्यटन र पूर्वाधार**लाई व्यवहारमा सार्थक कार्यान्वयन गर्न जुट्न सबैमा हार्दिक आव्हान गर्दछु ।

विमला के.सी.

१० असार २०७७ उपाध्यक्ष